apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: १८६ ● पृष्ठ: ४ ● ०७ साउन २०८३ विहीबार (23 July 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## विपद् प्रतिकार्यका लागि 'समुदाय विपद स्वयंसेवक'

### सिरहामा सशस्त्र प्रहरीद्वारा सञ्चालित १८ दिने विपद् स्वयंसेवक परिचालन तालिम सम्पन्न, समुदायमै प्रशिक्षित जनशक्ति तयार गर्न सरोकारवालाको जोड ।

**शुभ नारायण कामती**
**सिरहा, साउन ०६ गते**



समुदायस्तरमै विपद् प्रतिकार्यलाई प्रभावकारी, छिटोछरितो र व्यवस्थित बनाउन दक्ष, अनुशासित तथा समर्पित स्वयंसेवक उत्पादन गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण मुख्यालय सिरहाले आयोजना गरेको 'समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनअन्तर्गत स्थानीय तहका लागि विपद् स्वयंसेवक परिचालन विस्तारित तालिम' को समापन समारोहमा वक्ताहरूले विपद्को पहिलो घडीमा स्थानीय समुदायमै रहेका प्रशिक्षित स्वयंसेवक नै उद्धार तथा राहत कार्यका सबैभन्दा भरपर्दा जनशक्ति हुने बताएका हुन् ।

समारोहमा सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्ट, गोलबजार नगरपालिकाका नगरप्रमुख श्यामकुमार श्रेष्ठ, जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक बासुदेव पाठक, राष्ट्रिय अनुसन्धान कार्यालय सिरहाका उपनिर्देशक सुरेन्द्र कोइराला, सशस्त्र प्रहरी बल नं. ७ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापा (क्षेत्री), सिरहा तथा गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सुरक्षा निकायका प्रतिनिधि, सञ्चारकर्मी, प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको उपस्थिति रहेको थियो ।

२०८३ असार १५ गतेदेखि साउन ६ गतेसम्म सञ्चालन भएको १८ कार्यदिने तालिम सफलतापूर्वक सम्पन्न भएको अवसरमा प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूले

बाँकी पृष्ठ ३ ▶▶

## सिरहा जिल्ला अदालतको ७८.५० प्रतिशत मुद्दा फछ्र्योट

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०६ गते**

सिरहा जिल्ला अदालतले आर्थिक वर्ष २०८२/०८३ मा मुद्दा फछ्र्योटतर्फ उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ । चार वर्षयताको तुलनामा यस वर्ष अदालतले सबैभन्दा बढी ५४.८७ प्रतिशत मुद्दा फछ्र्योट गर्दै वार्षिक लक्ष्यको ७८.५० प्रतिशत उपलब्धि हासिल गरेको हो । यद्यपि फैसला कार्यान्वयन तथा केही प्रकृतिका मुद्दाको चाप भने अझै चुनौतीकै रूपमा रहेको अदालतले जनाएको छ ।

बुधबार प्रमुख जिल्ला न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा अदालतले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यप्रगति सार्वजनिक गरेको हो । कार्यक्रममा जिल्ला न्यायाधीशहरू माधवप्रसाद मैनाली, विदुर काफ्ले, ओमबहादुर सोडारी, जुद्धबहादुर आले, श्रेस्तेदार भेषराज भट्टराई, तहसिलदार दिलिप मगर,




शाखा अधिकृत खिलराज काफ्ले तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

अदालतका अनुसार गत आर्थिक वर्षमा जिम्मेवारी सरेका ३,४७१ र नयाँ दर्ता भएका ४,९७५ गरी कुल ८,४४६ मुद्दा दर्ता भएका थिए । तीमध्ये ४,६२७ मुद्दा फछ्र्योट हुँदा ३,८१९ मुद्दा बाँकी रहेका छन् । यस वर्षको फछ्र्योट दर ५४.७८ प्रतिशत रहेको छ, जुन अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को ६२.२३ प्रतिशत भन्दा कम हो । अदालतले निर्धारण गरेको ५,८९४ मुद्दा फछ्र्योट गर्ने लक्ष्यको ७८.५० प्रतिशत उपलब्धि

बाँकी पृष्ठ ४ ▶▶

## सिरहामा होटल-रेस्टुरेन्ट अनुगमन

### मापदण्ड उल्लंघन गर्ने सात व्यवसायलाई कारबाही

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०६ गते**




गृह मन्त्रालयको निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय सिरहाले सदरमुकामस्थित होटल, रेस्टुरेन्ट तथा बेकरीहरूमा संयुक्त बजार अनुगमनलाई तीव्र बनाएको छ । अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन तथा प्रचलित खाद्य मापदण्ड उल्लंघन गर्ने सातवटा व्यवसायलाई कुल एक लाख १० हजार रुपैयाँ जरिवाना गरिएको छ भने एक हजार ४५० रुपैयाँ बराबरका म्याद नाघेका तथा अखाद्य सामग्री जफत गरी नष्ट गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालको नेतृत्वमा बुधबार गरिएको अनुगमनमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका मधरेश प्रसाद साह, लेखापाल सुवाषकुमार यादव, जिल्ला प्रशासन कार्यालय सिरहाका नायब सुब्बा जगवीर यादव, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका राजन बुढाथोकी, सिरहा उद्योग वाणिज्य संघका महासचिव सत्यनारायण साह, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

अनुगमनका क्रममा होटल तथा रेस्टुरेन्टहरूमा खाद्यवस्तुको गुणस्तर र शुद्धता, सरसफाइ, मूल्यसूचीको व्यवस्था, बिल जारी गर्ने प्रणाली, प्यान नम्बरको सार्वजनिक प्रदर्शन, खाद्य सामग्रीको भण्डारण तथा उपभोक्ता संरक्षणसम्बन्धी कानुनी मापदण्डको पालना भए-नभएको विषयमा विस्तृत निरीक्षण गरिएको थियो ।

अनुगमनमा सबैभन्दा बढी अनियमितता भेटिएको युनिक बेकरी एण्ड स्वीट्स हाउसलाई ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । साथै, व्यवसायमा देखिएका कमीकमजोरी १५ दिनभित्र सुधार गरी सम्बन्धित निकायलाई जानकारी गराउन निर्देशन दिइएको छ । सुधारपछि सम्बन्धित निकायबाट पुनः अनुगमन गरी मापदण्ड पूरा गरेको पुष्टि भएपछि

बाँकी पृष्ठ ४ ▶▶

**मन्त्रिपरिषद् बैठक निर्णय**

## सरकार र मिटरब्याज पीडितबिचको सम्झौता अनुमोदन, मिटरब्याजसँग सम्बन्धित सबै लिखत अवैध घोषित



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०६ गते**

अनुचित लेनदेन (मिटरब्याज) का पीडितसँग भएको ९ बुँदे सहमतिलाई बुधबारको मन्त्रिपरिषद् बैठकले अनुमोदन गर्दै मिटरब्याजसँग सम्बन्धित फर्जी लिखत (कपाली तमसुक, चेक, दृष्टिबन्धकीलगायत) लाई अवैध घोषणा गरेको छ । फर्जी तमसुकका आधारमा घरबारविहीन हुन पुगेका तथा मुद्दा, मामिला खेपिरहेका पीडितले सरकारको यो घोषणाबाट राहत महसुस भएको प्रतिक्रिया दिएका छन् ।

अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधन गर्ने सन्दर्भमा आन्दोलनरत पक्षसँग भएको सम्झौतालाई अनुमोदन गरेको मन्त्रिपरिषद्को बैठकले जनाएको छ । सरकारको यो निर्णयले गर्जो टार्ने निहुँमा दिइने रकम र त्यसैको आडमा बनाइने तमसुकले उठिबास लगाउनेहरूको चेत खुल्ने मिटरब्याजविरुद्ध पीडित किसान मजदुर आन्दोलनका भोजपुरा इन्चार्ज शिवशंकर महतोले बताए । 'सरकारले हामीसित गरेको सहमतिअनुसार सहमति कार्यान्वयनको सुरुवात गरेको छ,' उनले भने, 'अझै धेरै बुँदा कार्यान्वयनमा ल्याउन जरुरी छ । सरकारको निर्णयलाई हामी स्वागत गर्छौं ।'

मन्त्रिपरिषद्बाट निर्णय भए पनि यसलाई कानुन बनाएरै मूर्तरूप दिनुपर्ने महतोले बताए । उनका अनुसार मधेश प्रदेशमा मात्र एक लाखभन्दा बढी तमसुक साहु-महाजनको हातमा छ । पीडितले लिएको रकमभन्दा चौबरसम्मको तमसुक बनाइएको उनको भनाइ छ । अधिकांशले तमसुकको अलावा आफ्नो घरजग्गासमेत साहुका नाममा रजिस्ट्रेसन पास गरिदिएका छन् । उनीहरूले तमसुकको आडमा ब्याजलाई साँवामा गाभेर तिर्नै नसक्ने गरी रकम देखाउँदै घरबारविहीन

बाँकी पृष्ठ ३ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# सम्पादकीय...

## त्रिशुलाको अलपत्र पुल र नागरिकलाई जोखिम

सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टी गाउँपालिका-२ र ३ लाई जोड्ने त्रिशुला खोलामा निर्माणाधीन पुल चार वर्षदेखि अलपत्र पर्दा स्थानीय नागरिकले वर्षेनी दुःख भोग्दै आएका छन्। वर्षायाम लाग्नेबित्तिकै खोला उर्लिएपछि आवतजावत बन्द हुने, विद्यार्थी विद्यालय जान नसक्ने, बिरामी उपचारका लागि अस्पताल पुग्न कठिन हुने र दैनिक जनजीवन नै प्रभावित हुने अवस्था दोहोरिँदै आएको थियो। यस्तो परिस्थितिमा इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको पहलमा प्रहरी र स्थानीयवासीले मिलेर निर्माण सामग्री प्रयोग गरी अस्थायी पुल बनाउनु प्रशंसनीय र अनुकरणीय कार्य हो। यसले तत्कालका लागि समस्या समाधान गरेको छ, तर यसले राज्य संयन्त्रको कमजोर कार्यसम्पादनमाथि गम्भीर प्रश्न पनि उठाएको छ। स्थानीय सरकार, प्रदेश सरकार र सम्बन्धित निर्माण निकायले समयमै पुल निर्माण सम्पन्न गराएको भए प्रहरी र स्थानीय नागरिकले अस्थायी समाधान खोज्नुपर्ने अवस्था नै आउने थिएन। विकास निर्माणका आयोजना वर्षौंसम्म अलपत्र पार्ने प्रवृत्तिले नागरिकको राज्यप्रतिको विश्वास कमजोर बनाउँदै लगेको छ। पुल निर्माणमा भएको ढिलाइ केवल निर्माणको समस्या मात्र होइन, यो सार्वजनिक उत्तरदायित्व, सुशासन र विकास व्यवस्थापनको कमजोरीको उदाहरण पनि हो।

प्रहरीको मुख्य जिम्मेवारी शान्ति सुरक्षा कायम गर्नु हो। तर आवश्यकता पर्दा प्रहरी समाजसँगै उभिएर जनताको समस्या समाधानमा सक्रिय भएको यो घटनाले नेपाल प्रहरीप्रतिको जनविश्वास अझ बलियो बनाएको छ। प्रहरी निरीक्षक मल्ल र उनको टोलीले देखाएको सक्रियता तथा स्थानीयवासीको श्रमदानले समुदाय र प्रहरीबीचको सहकार्यको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ। यसबाट विपद् वा कठिन परिस्थितिमा सामूहिक प्रयासले तत्काल राहत दिन सकिन्छ भन्ने सन्देश पनि गएको छ। तर अस्थायी पुल स्थायी समाधान होइन। वर्षेनी बाढी आउने क्षेत्रमा काठ वा अस्थायी संरचनाले दीर्घकालीन सुरक्षा दिन सक्दैन। त्यसैले अहिले सबैभन्दा ठूलो आवश्यकता भनेको अलपत्र पुल निर्माणलाई तत्काल सम्पन्न गराउनु हो। निर्माण व्यवसायीले किन काम रोकेको हो ?, सम्झौताको अवस्था के छ ?, समयसीमा किन नाघ्यो ? र सम्बन्धित निकायले किन प्रभावकारी निगरानी गर्न सकेन ? भन्ने विषयमा स्पष्ट जवाफ आउनुपर्छ। यदि निर्माण व्यवसायीले लापरबाही गरेको हो भने कानुनी कारबाही गरी आवश्यक परे ठेक्का रद्द गरेर नयाँ प्रक्रियाबाट काम अघि बढाउनुपर्छ।

विकास आयोजना समयमै सम्पन्न नहुँदा त्यसको मूल्य सर्वसाधारणले दुःख, समय र आर्थिक क्षतिका रूपमा तिर्नुपर्छ। त्रिशुला खोलाको पुल त्यसको एउटा प्रतिनिधि उदाहरण बनेको छ। अस्थायी पुल निर्माणको प्रशंसा गर्दै अब सम्बन्धित निकायलाई स्थायी पुल तत्काल निर्माण सम्पन्न गर्न दबाब दिनु आजको आवश्यकता हो। प्रहरी र स्थानीयको सहकार्यले बाटो खोलेको छ, अब सरकार र निर्माण निकायले आफ्नो जिम्मेवारी पूरा गरेर नागरिकलाई सुरक्षित, दिगो र भरपर्दो पुल उपलब्ध गराउन ढिलाइ गर्नु हुँदैन। मधेश प्रदेश सरकार मातहत निर्माण भैरहेको र अलपत्र पारिएको पुलको निगरानी तथा नियमन गर्ने काम पूर्वाधार विकास कार्यालय सिरहाको रहेको छ। पूर्वाधार विकास कार्यालयको लापरबाहीको कारणले नै पुल निर्माणमा निर्माण कम्पनीले मनोपोली गरिरहेको छ। त्यसैले अलपत्र पारिएको पुल निर्माणमा अब ढिलाई गर्न मिल्दैन। नागरिकलाई असुविधा दिएर हुँदैन। नागरिकको जीवन जोखिममा राख्ने प्रवृतिमाथी रोक लगाउनु पर्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# तीन 'संकथन' को संघर्षणभित्र देश 'सत्य' कुन हो ?

**यति छोटो समयमा यति धेरै असन्तुष्टि किन ? के बुझेर हिजो भोट दिएको, समर्थन गरेको हो ? बालेनले अहिले जुनजुन प्रवृत्ति तथा कार्यशैली देखाइहेका छन्, त्यो उनमा हिजैदेखि प्रस्ट थियो। फेरि हिजो समर्थन र प्रचण्ड बहुमत किन ? आज यत्रो असन्तुष्टि किन ?**


डम्बर खतिवडा

जेन जी विद्रोहयताका यी घटनाक्रमलाई बुझ्ने मुख्य तीन संकथन समाजमा गहिरो गरी क्रियाशील छन्। **तीन संकथनको संघर्षण घनघोर छ।**



वर्ष दिन पुग्न लागे छ, गत वर्ष भाद्र २३-२४ गते जेन जी विद्रोह भएको। यो विद्रोह थियो कि आन्दोलन वा क्रान्ति ? प्रारम्भमा धेरैले आन्दोलन भने। मैले त यो एक क्रान्ति बनोस् भन्ने अपेक्षा राखेको थिएँ। इतिहासमा 'सेप्टेम्बर क्रान्ति' रूपमा अंकित हुनेछ भन्ने आशा गरेँ केही दिन। तर, सत्य स्वीकार गर्नै पर्‍यो, यो एक 'विद्रोह' मात्र सिद्ध भयो, त्यसभन्दा माथि आन्दोलन वा क्रान्तिमा परिणत हुन सकेन।

जेन जी विद्रोहयताका तीन मुख्य घटनाक्रम सबैलाई ताजै हुनुपर्दछ।

पहिलो-विद्रोहकोरापतापमा केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकार र निर्वाचित प्रतिनिधिसभा विघटन भयो। सुशीला कार्की नेतृत्वको चुनावी सरकार बन्यो। जेन जीसँग कार्कीले १० बुँदे सम्झौता गरिन्। त्यसलाई आजसम्म फर्किएर कसैले हेरेको छैन। त्यो सम्झौता लागू हुने आधार अहिलेसम्म देखिएको छैन। बालेन सरकारले १०० दिन पूरा गर्दा पनि जेन जीसँगको सम्झौता स्मरण गरेको छैन।

जेनजी आन्दोलनको एउटा समूह अहिले पनि असन्तुष्ट र सडक-संघर्षमै छ। नामै लिएर भन्नु पर्दा रक्षा बम, तनुजा पाण्डे, मिराज ढुंगाना, मजिद अन्सारीजस्ता केही जेन जी आन्दोलनको बेला मैदानमा डटेका र चर्चामा रहेका पात्रहरू त्यसपछिका घटनाक्रम र प्रक्रियासँग सन्तुष्ट देखिन्नन्। ती किनारीकृत छन्। बालेन सरकारलाई यी जेन जी नेता र अभियन्ताहरूको समर्थन छैन। ती भन्दै छन्-बालेन-सुधन जस्ता केही पात्रहरूले जेन जी आन्दोलन 'हाइज्याक' र 'बदनाम' गरे।

जेन जी विद्रोह हुँदा २०७९ को आम निर्वाचनबाट गठित प्रतिनिधिसभाको कार्यकाल २ वर्षभन्दा बढी बाँकी नै थियो। यसबीच देश नियमित लोकतान्त्रिक पद्धतिमा थिएन। तर, सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दालाई कुनै महत्त्व दिएन। फैसला नै नगरिकन पन्छाइदियो, असान्दर्भिक बनाइदियो। अदालतले आफ्नो संवैधानिक कर्तव्य कति पूरा गर्‍यो वा गरेन, यो बहस पनि भइरहला।

दोस्रो कुरा- फाल्गुन २१ गते निर्वाचन भयो। निर्वाचन केही महिना पर सर्छ वा निर्वाचन अगाडि नै संसद् पुनर्स्थापना मुद्दाबारे सर्वोच्च अदालतले कुनै फैसला दिन्छ भन्ने आम बुझाइ थियो। तर, यी दुवै कुरा भएन। हतारको चुनावभन्दा केही महिना पर सारेर राम्रो तयारीका साथ गर्न उचित हुने धेरैको राय थियो। तर, सुशीला कार्की तोकिएको मिति फाल्गुन २१ मै चुनाव गराई छाड्न दृढ देखिइन्।

निर्वाचनमा पुराना दलहरूले भाग पनि लिए, तर निपष्क्षतामा बारे निश्चिन्त हुन सकेनन्। आफैंले भाग लिएको, परिणाम स्वीकार गरेको निर्वाचनबारे अहिले पनि ती अनेकथरि आशंका गरिरहेका हुन्छन्। तिनका तर्क सुन्दा ताज्जुब मान्नुपर्ने हुन्छ।

यही घटनाक्रमबीच काठमाडौंका स्वतन्त्र मेयर बालेन्द्र शाह भावी प्रधानमन्त्रीको उम्मेदवार घोषित हुने शर्तमा राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरे। उनलाई भावी प्रधानमन्त्रीको उम्मेदार बनाइयो पनि। यो रणनीति कस कस्ले कुन परिबन्ध र संभावनाबीच बनाएका थियो, त्यो भिन्नै कुरा तर, जसले बनाए पनि रणनीति सफल भयो। बालेनको नाममा रास्वपाले झण्डै दुईतिहाई बहुमत र देशको निर्वाचन इतिहासमा आजसम्म कुनै दलले हासिल गर्न नसकेको करिब ४८ प्रतिशत लोकप्रिय मत पायो।

तेस्रो- चैत्र १३ गते बालेनको सरकार बन्यो। यो सरकारले मधुमास भनिने १०० पूरा गरिसकेको छ। तर, सरकारसँगको आशा र सन्तुष्टि भने एकदमै कम सुनिन्छ। विपक्षीहरू बेखुसी हुनु, विरोध र आलोचना गर्नु स्वाभाविक हो, त्यो लानेकतन्त्रमा विपक्षको राजनीतिक धर्म नै हो। तर, रास्वपालाई नै भोट दिएका मतदाता र स्वयं रास्वपा पंक्ति बालेन सरकारको कार्यशैलीसँग सन्तुष्टि देखिन्न।

यति छोटो समयमा यति धेरै असन्तुष्टि किन ? के बुझेर हिजो भोट दिएको, समर्थन गरेको हो ? बालेनले अहिले जुनजुन प्रवृत्ति तथा कार्यशैली देखाइहेका छन्, त्यो उनमा हिजैदेखि प्रस्ट थियो। फेरि हिजो समर्थन र प्रचण्ड बहुमत किन ? आज यत्रो असन्तुष्टि किन ?

काठमाडौंको मेयर हुँदा बालेनले जुन तरिका र टिमबाट काम गरे, प्रधानमन्त्री हुँदा पनि त्यस्तै काम त गर्दै छन्। पार्टी, संसद् र मन्त्रीमण्डल त निमित्त मात्र हुन्। खासमा शासन बालेनको सचिवालय भनिने मित्रमण्डलीले चलाइरहेको छ। यो त हुनु नै थियो।

यी घटनाक्रम सबैलाई थाहा भएकै हो। मैले यहाँ चर्चा गर्न चाहेको मूल विषय यो होइन। पृष्ठभूमि स्मरण गरेको मात्र हो।

मूल कुरा के हो भने करिब १ वर्षका यी घटना किन कसरी, कस्तो अवस्थामा, के कारण भएका थिए र यसका लागि को जिम्मेवार वा दोषी थिए ? भन्ने विषयमा अझै व्यापक भिन्नता छ। राष्ट्रिय चिन्तन विभाजित छ। नागरिकमाझ थरिथरि कुरा छन्। ती गहिरो गरी गढेका छन्।

हुन त लोकतान्त्रिक खुल्ला समाजमा दृष्टिकोण मिल्न जरुरी छैन। सबैले आआफ्नो आग्रह र स्वार्थ अनुरूप डम्फू बजाउने नै भए। तर, राजनीतिक आस्था र दलीय आग्रहको कारणले मात्र यो भिन्नता आएको होइन। पर्याप्त सूचना पहुँचको अभाव, विश्लेषण पद्धतिको भिन्नता र राष्ट्रिय दुविधाको कारणले पनि दृष्टिकोण फरक भएका हुन्छन्।

जेन जी विद्रोहयताका यी घटनाक्रमलाई बुझ्ने मुख्य तीन संकथन समाजमा गहिरो गरी क्रियाशील छन्। तीन संकथनको संघर्षण घनघोर छ। तर, सत्य के हो, कसैले भन्न सक्दैन। सबै संकथन एक साथ सत्य हुँदैनन्। दल, नेता र सार्वजनिक वृत्त सत्यबारे संवेदनशील छैन।

**यी तीन संकथन हुन्,**

एक- यी सबै घटना हुनु देशभित्रकै परिस्थिति जिम्मेवार थियो। दुई- यो देशभित्रको शक्ति र स्थितिबाट संभव हुने कुरै होइन। यो स्वाभाविक आन्तरिक प्रक्रिया होइन। देश बाहिरबाट प्रायोजित र योजनाबद्ध ढंगले लादिएको घटनाक्रम हो।

तीन- यी घटना हुनुमा देशभित्र र बाहिरको साझा वा संयुक्त योजना छ। बाह्य शक्ति पनि छ, आन्तरिक एजेन्ट पनि छन्। दुबैको समश्रिण छ।

यी तीनमध्ये आम नागरिकले कुनलाई विश्वास गर्ने ? यो नै अहिलेको मूल राष्ट्रिय द्वन्द्व हो। यी संकथन मात्र फरक छैनन्, तीमध्ये कुनै एकमा विश्वास गर्दा जिम्मेवार पात्र पनि फरक छन्। भविष्यको मार्गदर्शन र राष्ट्रिय कार्यभार पनि फरक हुन्छ।

विगत करिब १ वर्षको स्थितिलाई देशभित्रको स्वाभाविक परिघटना मान्दा यसका मुख्य दोषी कांग्रेस एमाले र माओवादी ठहरिन्छन्। यसका तीन नेता शेरबहादुर देउबा, केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' यो परिस्थितिका लागि जिम्मेवार हुन्। त्यसमा पनि ओली, उनको सरकार र सरकारका कदम र कार्यशैली जिम्मेवार हुन्छन्। यी दलको दशकौं लामो कुशासन, भ्रष्टाचार, सत्तालिप्सा, पदलोलुपता, अस्थिरता, अवसरवाद र सुस्त आर्थिक विकास जिम्मेवार हुन्छ।

दोस्रो संकथनबाट हेर्दा भने अमेरिका मुख्य जिम्मेवार हुन्छ। रमाइलो कुरा के छ भने यसपटक भारत र चीन दुबै ठूला छिमेकीलाई कसैले दोषेका छैनन्। विगतमा नेपालमा कुनै घटना हुँदा मुख्यतः भारतलाई दोष लगाउने गरिन्थ्यो। यो वर्षका घटनाक्रममा भारतलाई कसैले मुछ्न चाहेको छैन। बरु भारतलाई समेत किनारीकृत गरेर यी घटना अमेरिकाद्वारा गराइए भनिँदै छ।

चीनको बुझाइ के हो कसैले गतिलो गरी उजागर गरेको छैन। संसारभरि आक्रमक हुँदै गएको चीन नेपालको सन्दर्भमा एकाएक किन प्रतिरक्षात्मक र भूमिकाहीन भयो ? यो प्रश्न पनि उत्तिकै रोचक छ। चीन अन्यत्र किन आक्रमक छ भन्ने बुझ्नका लागि चीन सरकारको 'राज्य सूचना परिषद्' ले गत महिना अर्थात् सन् २०२६ जुन १७ मा जारी गरेको एक ३७ पृष्ठ लामो दस्तावेज पढे पुष्टि हुन्छ।

यो दस्तावेजको शीर्षक छ- मोर जस्ट एण्ड इक्विटेबल ग्लोबल गवर्नेन्स: चाइनाज प्रिन्सिपल, प्रपोजल्स एण्ड एक्सन्स। अर्थात् 'अझै न्यायपूर्ण र समतामुलक विश्व शासन: चीनका सिद्धान्त, प्रस्ताव र कर्वाहीहरू'।

यसलाई अन्तर्राष्ट्रिय सम्बन्ध वृहत्तर लोकतन्त्रतिर अग्रसर र चीनका सिद्धान्त, प्रस्ताव र कार्वाहीहरू वैश्विक शासनलाई परिचय गराउन जारी गरिएको औपचारिक 'श्वेतपत्र' दाबी गरिएको छ।

यो दस्तावेजमार्फत चीन आफूलाई एक महाशक्तिको दाबी मात्रै गर्दैन, आफू अनुकूलको विश्व व्यवस्था बनाउने, समकालीन विश्व व्यवस्थालाई पुनर्गठन गर्ने दाबी समेत प्रस्तुत गर्दछ।

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** व्यापार व्यवसायमा राम्रो लाभ मिल्नेछ र नयाँ साझेदारीका लागि दिन उत्तम छ।

**बृष :** स्वास्थ्यमा सुधार आउनेछ र पुराना रोगहरूबाट मुक्ति मिल्नेछ। रोकिएका कामहरू मिहिनेतका कारण बन्नेछन्।

**मिथुन :** बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ र मान-सम्मान पाइनेछ।

**कर्कट :** पारिवारिक सुख र शान्ति कायम रहनेछ, तर आमाको स्वास्थ्यमा भने केही ध्यान दिनुपर्ने देखिन्छ।

**सिंह :** तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ, जसले गर्दा कठीन निर्णयहरू पनि सहजै लिन सक्नुहुनेछ।

**कन्या :** आर्थिक दृष्टिकोणले आजको दिन निकै बलियो रहनेछ र आकस्मिक धन लाभ हुन सक्छ।

**तुला :** तपाईंको व्यक्तित्वमा निखार आउनेछ र समाजमा मानसम्मान बढ्नेछ।

**वृश्चिक :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले धनको लेनदेन गर्दा सचेत रहनुहोला।

**धनु :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र आर्थिक स्थिति सुदृढ हुनेछ।

**मकर :** कार्यक्षेत्र र व्यापार व्यवसायमा ठूलो सफलता मिल्नेछ। नयाँ पदोन्नति वा जिम्मेवारी पाउन सक्ने योग छ।

**कुम्भ :** भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरू स्वतः बन्न थाल्नेछन्।

**मीन :** आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ, त्यसैले खानपानमा विशेष ध्यान दिनुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## तीन 'संकथन' को संघर्षणभित्र देश ..........

यदि दोस्रो संकथनमा विश्वास गर्ने हो भने ट्रम्प प्रशासन नेपाल मामिलामा निक्कै गम्भिर छ, उसलाई पुराना दल र नेता मन परेको छैन भन्ने अर्थ लाग्छ । अमेरिकाले विभिन्न एजेन्सीमार्फत 'कोभर्टल्ली' नेपाललाई बिथोलेको अर्थ लाग्छ। यो स्थितिका लागि ओली, देउवा र प्रचण्ड होइन, ट्रम्प प्रशासन जिम्मेवार छ भन्ने अर्थ लाग्छ।

स्मरणीय छ कि देउवा दम्पतीलाई विगतमा अमेरिका निकट मानिन्थ्यो । शेरबहादुर-आरजूको सम्बन्धलाई जुलिया चाङ ब्लक प्रायोजनको 'पावर म्यारिज' भन्ने गरिन्थ्यो। ओलीका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले अमेरिका भ्रमणका क्रममा नेपाल इन्डो-प्यासिफिक रणनीति (आइपीएस )को सहयोगी बन्ने वचन दिएका थिए भनिन्छ । प्रचण्ड र माओवादीले पूर्व अडानबाट यूटर्न गर्दै एमसीसी पास गर्न सहयोग गरेकै थिए । प्रचण्ड आफैँले एमसीसीको पक्षमा मतदान गरेकै हुन्।

फेरि अमेरिकाले किन र कुन प्रयोजनले यी नेताहरूसँग यति ठूलो बदला लियो ? के सवाल त्यही एसपीपी नै हो त ? के यो योजनामा युरोपियन युनियन र अमेरिका सँगसँगै छन् ? भनिएझैं युरोपियन युनियनको क्रिश्चियानिटी विस्तार र अमेरिकाको फ्री तिब्बत उद्देश्यका लागि नेपालमा यी सबै बबन्डर भएका हुन् ?

तेस्रो दृष्टिकोणमा विश्वास गर्ने हो भने मुख्य जिम्मेवार नेपाली सेना, तत्कालीन मेयर र अहिलेका प्रधानमन्त्री बालेन्द्र शाह, राष्ट्रपति रामचन्द्र पौडेल, अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की र नेपाली कांग्रेसका सभापति गगनकुमार थापा मूल जिम्मेवार बन्न पुग्नेछन्।

यो संकथनअनुसार अमेरिका र युरोपियन युनियनले 'कोभर्टल्ली' होइन, उपरोक्त पात्रहरूलाई स्थानीय एजेन्ट बनाएर योजनाबद्ध रूपमै जेन जी आन्दोलन गराएको, विध्वंश मच्चाएको र अहिलेको स्थिति सिर्जना गरेको हो।

तेस्रो संकथनअनुसार अमेरिकाले नेपाली सेना कब्जा गर्‍यो । सेनाले अमेरिकालाई लेखेको एसपीपीको चिठ्ठी पुराना नेताहरूले अस्वीकार गरेपछि सेनाले बालेन जन्मायो । बालेन-गगनको चाबी एकै ठाउँ छ। बालेनलाई चुनावमा सजिलो पार्दिन गगनले चुनावको मुखमा कांग्रेसको विशेष महाधिवेशन गरी पार्टी कब्जा गरे। एसपीपी अघि बढाउन नमान्दा पुराना नेताको यो हालत भयो । नेपालबाट १५ औं दलाई लामा जन्माइँदै छ। सुशीला कार्की सरकारलाई दलाई लामाको शुभकामनाको अर्थ त्यही थियो।

यदि यो संकथन सत्य हो भने नागरिकले आफ्नै सेनालाई अब किन विश्वास गर्ने ? देशको यो स्थितिका लागि सेना, बालेन, गगन थापा, रामचन्द्र पौडल र सुशीला कार्कीलाई जिम्मेवार किन नठान्ने ?

सेना देशको रक्षा गर्नका लागि हुन्छ। कुनै विदेशी शक्तिको गोटी वा एजेन्ट बन्न होइन। यी सबै कुरा बुझ्दाबुझ्दै राष्ट्रपति पौडेलले बढो जुक्ति लगाएर स्थितिलाई सहजीकरण गर्दिएका हुन् भने त्योभन्दा ठूलो देशप्रतिको गद्दारी के हुन्छ, त्यो पनि राष्ट्रपति जस्तो पदमा बसेर।

सुशीला कार्कीले केही महिनाका लागि प्रधानमन्त्री हुने लोभमा अमेरिकी योजना र रणनीतिको सहजीकरण गरेर बालेनलाई सत्ता सुम्पिने बाताबरण बनाई दिएकी हुन् भने त्यो देशद्रोह भएन ? गगनले यी सबै कुराको भित्री सूचना हुँदाहुँदै चुनावको मुखमा बालेनको सत्तारोहण सहजताका लागि पार्टी फुटाएका हुन् भने उनीबाट के आशा गर्ने ? र, बालेनको उदयको आधार र प्रक्रिया यही हो भने उनलाई प्रधानमन्त्री किन मानिरहने ?

यी तीनमध्ये कुन 'न्यारेटिभ' मा विश्वास गर्ने यो व्यक्तिको निजी छनोटको विषय मात्र होइन, राष्ट्रको भावी कार्यदिशा तय पनि यसैबाट हुन्छ। हामीमध्ये धेरैले जुन कुरामा विश्व गर्नेछौं, त्यहीअनुरूप राष्ट्रको कार्यदिशा अघि बढ्नेछ। जसले जुन संकथन छनोट गरे पनि समाजमा भने तीनवटै धारणा मैले निक्कै बलियो पाएँ। मैले राष्ट्र एक ठूलो दुविधामा पाएँ। यति ठूलो आशंका, अन्योल र अविश्वासबीच कुनै पनि राष्ट्रले अपेक्षित प्रगति गर्न सक्दैन। र, यो बहस अब लुकाएर होइन, फुकाएर, खुलेर गर्नुपर्दछ।

यी तीनमध्ये अहिलेसम्म म पहिलो 'न्यारेटिभ' मा विश्वास गर्छु। तर, हुन सक्दछ यो मेरो ज्ञान र सूचना पहुँचको सीमा हो। यी तीन संकथनमध्ये जुन सत्य होस् कुन चाहिँ सत्य हो भन्ने निर्क्योल नगरिकन देशलाई सही मार्गचित्रमा अघि बढाउन सकिँदैन।

अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, सिरहा




# लहानमा ६५२ केजी गाँजा बरामद, ३ जना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०६ गते**

प्रहरीले लहान नगरपालिका-३ बाट लागूऔषध गाँजा जस्तो देखिने पदार्थसहित एक पिकअप गाडी र तीन जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार विशेष सूचनाको आधारमा लहान नगरपालिका-३ नयाँ बस्ती टोलमा पार्किङ गरी राखिएको बा२१च ५६६६ नम्बरको योद्धा पिकअप गाडीमा खानतलासी गर्दा नासपातीका क्रेटभित्र लुकाएर राखिएको गाँजा जस्तो देखिने पदार्थ बोराहरु बरामद भएको हो।



बरामद पदार्थको तौल प्लास्टिकसहित ६६३ केजी तथा प्लास्टिक हटाउँदा ६५२ केजी रहेको प्रहरीले जनाएको छ। साथै गाडीमा रहेका नासपातीका ४६ वटा क्रेट ९९२० केजी समेत नियन्त्रणमा लिइएको छ।

घटनामा संलग्न रहेको आरोपमा लहान नगरपालिका-३ का ३८ वर्षीय श्याम कुमारी साह, भारत बिहार राज्य मधुवनी जिल्ला घर भई हाल लहान-३ बस्ने ४० वर्षीय गौरव महतो र उनको १९ वर्षीय छोरा शिवम साहलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरीले बरामद पिकअप गाडी, गाँजा जस्तो देखिने पदार्थ तथा अन्य सामग्री नियन्त्रणमा लिएर लागूऔषध सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको जनाएको छ।

## विपद् प्रतिकार्यका लागि 'समुदाय विपद ...............

आयोजक संस्था, सहयोगी निकाय, प्रशिक्षक र सहभागी सबैलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए।

विशिष्ट अतिथि सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले विपद् कुनै निश्चित समय वा स्थानको प्रतीक्षा नगरी आउने भएकाले त्यसको प्रभाव न्यूनीकरणका लागि दक्ष, अनुशासित र जिम्मेवार स्वयंसेवक अपरिहार्य रहेको बताए । उनले तालिमबाट प्राप्त विपद् व्यवस्थापन, खोज तथा उद्धार, प्राथमिक उपचार, समन्वय, नेतृत्व विकास तथा मानवीय सेवासम्बन्धी ज्ञान र सीपलाई प्रमाणपत्रमा सीमित नराखी समुदायमै व्यवहारमा उतार्न आग्रह गरे।

उनले विपद् आउनुअघि पूर्वतयारी, विपद्का बेला प्रभावकारी परिचालन तथा विपद्पछिको पुनःस्थापनामा समेत सक्रिय भूमिका निर्वाह गर्न प्रशिक्षार्थीहरूलाई आह्वान गरे।

प्रमुख अतिथि सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले तालिम सफल बनाउन योगदान पुर्‍याउने प्रशिक्षक, व्यवस्थापन टोली, सहयोगी निकाय तथा सहभागी सबैप्रति धन्यवाद व्यक्त गर्दै यस तालिमबाट हासिल भएको ज्ञान र सीपले सुरक्षित, सक्षम तथा विपद्-प्रतिरोधी समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

गणपति सशस्त्र प्रहरी उपरीक्षक "सुमनजंग थापा (क्षेत्री)" ले विपद् व्यवस्थापन उद्धार र राहतमा मात्र सीमित नभई पूर्वतयारी, जोखिम न्यूनीकरण, जनचेतना अभिवृद्धि, समन्वय तथा द्रुत प्रतिकार्यसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए। उनले प्रशिक्षित स्वयंसेवक नै विपद्को पहिलो घडीमा समुदायका सबैभन्दा भरपर्दा सहयोगी हुने उल्लेख गर्दै स्थानीय तहसँग सहकार्य गरी प्रत्येक समुदायमा दक्ष विपद् स्वयंसेवक तयार पार्ने अभियानलाई निरन्तरता दिइने बताए।

कार्यक्रममा आयोजक सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण मुख्यालय सिरहाले स्थानीय समुदायको विपद् प्रतिकार्य क्षमता सुदृढ बनाउन आगामी दिनमा पनि यस्ता व्यवहारिक तथा समुदायमुखी तालिमलाई निरन्तर सञ्चालन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको थियो।

## सरकार र मिटरब्याज पीडितबिचको सम्झौता अनुमोदन .............

बनाएका छन्। कतिपयले आफूविरुद्ध पक्राउ पुर्जी निकाल्न थालेपछि न्यायको याचना गर्दै पीडितले २५ असारमा धनुषाको जनकपुरस्थित तृतियागाछीबाट 'पैदल न्याय मार्च' सुरु गरेका थिए।

काठमाडौं ताकेर सुरु गरिएको पैदल मार्च बाराको निजगढ आइपुगेपछि वार्ताका लागि गृहमन्त्री सुधन गुरुङ काठमाडौंबाट गएका थिए। पीडित बसेको निजगढस्थित उद्योग वाणिज्य संघको भवनमा उनी ३० असारमा पुगेका थिए। बारामै बसेर गुरुङले पीडितका प्रतिनिधिसँग तीन दिनसम्म छलफल गरेका थिए। त्यस क्रममा काठमाडौंमा निर्णायक वार्ता गर्ने सहमति भएको थियो। त्यसपछि राजधानी आएका आन्दोलनरत मिटरब्याजपीडितका अगुवा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटाको नेतृत्वको सरकारी टोलीबीच १ साउनमा वार्ता भएको थियो। त्यही वार्तामा ९ बुँदे सहमति भयो। त्यसपछि पीडितहरू आन्दोलन रोकेर घर फर्किए।

जनकपुरबाट पैदल यात्रामा सहभागी धेरैजसो पीडित सीमान्तकृत, किसान र विपन्न वर्गका थिए। थोरै रकम ऋण लिँदा पनि साहुले उठिबास लगाइदिएको उनीहरूको गुनासो छ। साहु-महाजनबाट ऋण लिएकाहरू साँवा र उचित ब्याज तिर्न भने कहिल्यै पछि नहटेको सुनाउँछन्। सरकारको बुधबारको निर्णयपछि साहु-महाजनले ऋण रकमभन्दा दोब्बर/तेब्बर बढाएर बनाएका फर्जी तमसुक, खाली चेकमा गराएका सहीछाप र जबर्जस्ती गराइएका रजिस्ट्रेसन/दृष्टिबन्धकी अब अमान्य हुनेछन्।

सहमतिपत्रमा हस्ताक्षर हुनु र मन्त्रिपरिषद्बाट अनुमोदन हुनु महत्त्वपूर्ण सफलता भए पनि यसको प्रभावकारी कार्यान्वयन अबको पर्खाइ रहेको मिटरब्याजविरुद्धको आन्दोलनकी अगुवा लक्ष्मी घिमिरेले बताइन्। 'सरकारको निर्णय खुसीको कुरा हो,' उनले भनिन्, 'तर कार्यान्वयन हुन्छ कि हुँदैन, त्यो मुख्य पाटो अझै बाँकी नै छ। हामी निरन्तर संघर्षमै छौं।'

विपन्न वर्गलाई साहुको शरणमा जानु नपर्ने गरी राज्यले बैंकबाट सहज रूपमा ऋण लिन सक्ने गरी वातावरण तयार पार्नु यो समस्याको दीर्घकालीन समाधान हुने घिमिरेको भनाइ छ। जिल्ला प्रशासन कार्यालय र प्रहरीले साहुको प्रभावमा नपरी निष्पक्ष रूपमा काम गर्नुपर्ने मिटरब्याजपीडितहरूको सुझाव छ। ९ दिनसम्म सडकमै रात बिताएर घर फर्किएका मिटरब्याजपीडितहरू अब आफ्नो गुमेको सम्पत्ति र आत्मसम्मान फिर्ता पाउने आशामा छन्।

सरकारले मिटरब्याजलाई आर्थिक अपराध घोषणा गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने र नियन्त्रणका लागि विशेष कानुन बनाउने प्रतिबद्धता जनाएको थियो । काठमाडौंमा १ साउनमा भएको सहमतिमा गृह मन्त्रालयले ३ महिनाभित्र मिटरब्याज नियन्त्रणसम्बन्धी विशेष ऐनको मस्यौदा तयार गर्ने उल्लेख छ । प्रस्तावित ऐनमा मिटरब्याजसम्बन्धी मुद्दा हेर्न छुट्टै न्यायाधिकरण गठन, पीडितको सम्पत्ति फिर्ता गराउने तथा उचित क्षतिपूर्तिको व्यवस्था समेटिने भनिएको छ। वडा कार्यालयमार्फत हुने ऋण लेनदेन प्रमाणीकरणमा रकमको वैधानिक स्रोत र बैंकिङ कारोबारको प्रमाण अनिवार्य गरिने पनि सहमतिपत्रमा उल्लेख छ । भ्रष्टाचार वा अन्य आपराधिक लाभबाट आर्जित रकम मिटरब्याजमा लगाउनेमाथि कडा कानुनी कारबाही गरिने पनि सहमति छ।



# दाइजो प्रथा अन्त्यका लागि मधेशबाट राष्ट्रिय अभियान सुरु गर्ने तयारी

अपन दैनिक संवाददाता
काठमाडौं, साउन ०६ गते



दाइजो प्रथा अन्त्यका लागि राष्ट्रिय अभियान सञ्चालन गर्ने विषयमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादी र प्रतिनिधिसभाकी उपसभामुख रुबी कुमारीबीच आज मन्त्रालयमा विस्तृत छलफल भएको छ।

छलफलका क्रममा दाइजो प्रथाविरुद्धको राष्ट्रिय जनचेतना अभियान मधेश प्रदेशबाट प्रारम्भ गरी चरणबद्ध रूपमा देशभर विस्तार गर्ने विषयमा विस्तृत विचारविमर्श भएको थियो । अभियानलाई प्रभावकारी बनाउन स्थानीय तह, विद्यालय, समुदाय, धार्मिक तथा सामाजिक अगुवा, युवा, महिला समूह तथा नागरिक समाजको सक्रिय सहभागितामा देशव्यापी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने विषयमा समेत छलफल भएको थियो।

दुवै पक्षले दाइजो प्रथा महिला हिंसा, लैङ्गिक विभेद तथा सामाजिक अन्यायको प्रमुख कारणमध्ये एक भएको उल्लेख गर्दै यसको अन्त्यका लागि कडा कानुनी कार्यान्वयन, प्रभावकारी अनुगमन र व्यापक सामाजिक सचेतना अभियानलाई एकसाथ अघि बढाउनुपर्नेमा जोड दिएका थिए।

मन्त्री सिता बादीले दाइजो प्रथा केवल कानुनी नभई सामाजिक चुनौती भएकाले यसको अन्त्यका लागि राज्य, स्थानीय तह, शैक्षिक संस्था, नागरिक समाज, सञ्चारमाध्यम तथा समुदायको साझा प्रतिबद्धता आवश्यक रहेको बताएकी थिइन्।

त्यस्तै उपसभामुख रुबी कुमारीले मधेश प्रदेशबाट सुरु हुने अभियानले दाइजो प्रथाविरुद्ध राष्ट्रिय स्तरमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्दै दाइजोमुक्त समाज निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय तथा सबै सरोकारवालाको सक्रिय सहकार्य अपरिहार्य रहेको बताएकी थिइन्।

भेटका क्रममा दाइजो प्रथा अन्त्यका लागि कानुनी व्यवस्था थप प्रभावकारी बनाउने, जनचेतनामूलक अभियानलाई संस्थागत रूपमा अघि बढाउने तथा सम्बन्धित निकायबीच समन्वय र सहकार्यलाई थप सुदृढ बनाउने विषयमा समेत छलफल भएको थियो।

# बलान बिहुल गाउँपालिकामा ज्याला निर्धारण समिति गठन सम्बन्धी छलफल

अपन दैनिक संवाददाता
सप्तरी, साउन ०६ गते



सप्तरीको पश्चिम दक्षिणी भेगमा पर्ने बलान बिहुल गाउँपालिकामा बुधबार पालिका स्तरीय ज्याला निर्धारण समिति गठन तथा परिचालन सम्बन्धी छलफल बैठक सम्पन्न भएको छ।

हरवा चरवा सशक्तिकरण कार्यक्रम अन्तर्गत द फ्रिडम फण्डको आर्थिक सहयोग तथा जन चेतना दलित संगमको आयोजनामा गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवसहित जनप्रतिनिधिहरु, कार्यपालिका सदस्य, हरवा चरवा अगुवाहरुको सहभागितामा ज्याला निर्धारण समिति गठन तथा परिचालन सम्बन्धी छलफल बैठक गरिएको हो। श्रम अधिकार सम्बन्धी विद्यमान कानुनी व्यवस्थाबारे जानकारी गराउने, न्यूनतम् ज्याला तथा समान ज्याला सम्बन्धी अवधारणा स्पष्ट गर्ने, स्थानीय सरकारको भूमिका र जिम्मेवारी बारे छलफल तथा गाउँपालिका स्तरीय ज्याला निर्धारण समिति गठन प्रक्रियालाई सहजीकरण गर्ने उद्देश्यले छलफल गरिएको संगमका कार्यकारी निर्देशक इन्द्रप्रसाद रामले बताए।

संगमका सचिव हरिप्रसाद रामको अध्यक्षतामा सम्पन्न छलफलमा गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले पालिका स्थापना भएको नौ वर्ष बित्दासम्म कृषि श्रमिकहरुको ज्याला निर्धारण नहुनुमा कतै न कतै आफूहरुको पनि कमजोरी रहेको स्वीकारे। 'प्राय: कृषि मजदूरीमार्फत जीविका चलाउँदै आएका गरिब, दलित हरवा चरवाहरुका लागि ज्याला निधारण गरिनु जरुरी छ' उनले भने 'श्रम गरेवापत् ज्यालामा अनाज लिंदा न्यूनतम् ज्याला बमोजिम लिइनु पर्छ' उनले भने 'ज्याला निर्धारण सम्बन्धी विषयको प्रस्तावना ल्याउनुस्, मस्यौदा गरेर आवश्यक छलफल गरी गाउँसभाबाट पारित गरी लागू गर्छौं।'

छलफलमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द कुमार चौधरीले कृषि श्रमिकका लागि ज्याला हातमुख जोड्ने माध्यम भएकाले त्यसको बारेमा पालिका गम्भिर हुनु पर्ने औंल्याए। ज्याला निर्धारण सम्बन्धी मस्यौदा गरी श्रम गराउने किसान, श्रमिक तथा स्थानीय सरोकारवालासहितको छलफलबाट टुंग्याएर कार्यपालिकाबाट निर्णय गराई राजपत्रमा प्रकाशन गरी लागू गर्न सकिने उनले बताए।

छलफलमा विभिन्न वडाका वडाध्यक्षहरू, कार्यपालिका सदस्य सन्तोषकुमार साह, रोजगार संयोजक धिरज कुमार झा, महिला तथा बालबालिका शाखा प्रमुख विजय महासेठ, पालिका स्तरीय हरवा चरवा अधिकार मञ्चका गुलेती राम ग्रेटर नेपाल युवा क्लवका उपेन्द्र राम लगायतको सहभागिता थियो।

कार्यक्रममा श्रम अधिकारको संरक्षण, श्रमिकका लागि न्यूनतम् तथा समान ज्यालाको सुनिश्चितता, स्थानीय तहको जिम्मेवारी तथा हरवा चरवा समुदायको सामाजिक तथा आर्थिक सशक्तिकरणका विषयमा पत्रकार मणिलाल विश्वकर्माले सहजीकरण छलफल चलाएका थिए। सहभागीहरूले गाउँपालिका स्तरीय ज्याला निर्धारण समितिलाई प्रभावकारी रूपमा गठन तथा परिचालन गरी श्रमिकहरूको अधिकार संरक्षणमा स्थानीय सरकारको भूमिका सशक्त बनाउनु पर्नेमा जोड दिएका थिए। छलफलले श्रमिक अधिकारको संरक्षण, न्यूनतम् ज्यालाको कार्यान्वयन तथा हरवा चरवा समुदायको अधिकार प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।




## सिरहा जिल्ला अदालतको ७८.५० प्रतिशत ............

हासिल गरेको जनाएको छ।

चार वर्षको तुलनात्मक विवरणअनुसार आर्थिक वर्ष २०७९/०८० मा फछ्र्योट दर ४८.२ प्रतिशत, २०८०/०८१ मा ५०.८६ प्रतिशत, २०८१/०८२ मा ६२.२३ प्रतिशत र २०८२/०८३ मा ५४.७८ प्रतिशत पुगेको देखिएको छ।

**कुन मुद्दा सबैभन्दा बढी ?**

गत आर्थिक वर्षमा लेनदेन सम्बन्धी मुद्दा सबैभन्दा बढी दर्ता भएका छन्। यस अवधिमा १,९०६ नयाँ लेनदेन मुद्दा दर्ता भई कुल २,८०८ पुगेकामा १,८९७ फछ्र्योट भएका छन् भने ९११ बाँकी छन्।

त्यसैगरी सम्बन्धविच्छेदका ३८२, निषेधाज्ञाका २५६, जग्गा खिचोलाका ३१९, लागू औषधका १७८, ज्यानसम्बन्धी कसुरका १३४, चोरी तथा डाँकाका १२५, घरेलु हिंसाका ८९, जबर्जस्ती करणीका ११८ तथा बालबालिकासम्बन्धी कसुरका ११ मुद्दा अदालतमा विचाराधीन रहेका थिए।

बालबालिकासम्बन्धी मुद्दातर्फ जिम्मेवारी सरेका ४६, नयाँ दर्ता ८३ गरी कुल १२९ मुद्दामध्ये ६२ फछ्र्योट भएका छन् भने ६७ मुद्दा अझै बाँकी रहेको अदालतले जनाएको छ।

**न्यायाधीशहरूको कार्यसम्पादन**

अदालतका अनुसार आर्थिक वर्षभर विभिन्न न्यायाधीशसमक्ष कुल १३ हजार ८६ मुद्दा पेश भएकामा ४ हजार ६२७ मुद्दा फछ्र्योट भएका छन्।

व्यक्तिगत कार्यसम्पादनतर्फ प्रमुख जिल्ला न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीसमक्ष पेश भएका १,७७२ मुद्दामध्ये ६५२ फछ्र्योट भएका छन्। त्यसैगरी न्यायाधीश माधवप्रसाद मैनालीले १,८५३ मध्ये ६६८, विदुर काफ्लेले २,०२७ मध्ये ७१५, ओमबहादुर सोडारीले १,७१८ मध्ये ६१०, भीमबहादुर निरौलाले १,६०३ मध्ये ५५९, जुद्धबहादुर आलेले १,८१८ मध्ये ६४१, गोपालप्रसाद थापाले १,९५३ मध्ये ७३७ तथा सरुवा भएका न्यायाधीशसमक्ष रहेका ३०२ मुद्दामध्ये ४५ फछ्र्योट भएका थिए।

**फैसला कार्यान्वयनमा चुनौती**

अदालतले फैसला कार्यान्वयनतर्फ भने अझै चुनौती रहेको जनाएको छ।

निवेदन कार्यान्वयनतर्फ कुल ३,५२० लगतमध्ये १,१४५ फछ्र्योट भई २,३७५ बाँकी रहेका छन्। कैद कार्यान्वयनतर्फ ३,६६१ वर्ष ६ महिना १५ दिन बराबरको लगतमध्ये ७४९ वर्ष ४ महिना १५ दिन कार्यान्वयन भई २,९१२ वर्ष २ महिना बराबर कैद बाँकी रहेको छ। यसको कार्यान्वयन दर २०.४६ प्रतिशत रहेको छ।

त्यस्तै जरिवानातर्फ २१ करोड ४४ लाख ७३ हजार ५८९ रुपैयाँ लगतमध्ये १ करोड ४८ लाख ७० हजार ४५० रुपैयाँ मात्र असुल भएको छ भने १९ करोड ९६ लाख ३ हजार १३९ रुपैयाँ जरिवाना असुल हुन बाँकी रहेको अदालतले जनाएको छ। जरिवाना असुलीको दर ६.९३ प्रतिशत रहेको छ।

प्रमुख जिल्ला न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले अदालतको कार्यसम्पादनमा निरन्तर सुधार हुँदै गएको उल्लेख गर्दै फैसला कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायसँग समन्वय र प्रविधिको उपयोगलाई थप सुदृढ गरिने बताए। साथै नागरिकलाई छिटो, सहज र गुणस्तरीय न्याय सेवा उपलब्ध गराउनेतर्फ अदालत प्रतिबद्ध रहेको उनले बताए।

## सिरहामा होटल-रेस्टुरेन्ट .............

मात्रै व्यवसाय सञ्चालन गर्न दिइने सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए।

त्यसैगरी न्यू रमझम साँझ रेष्टुरेन्ट एण्ड बार तथा डिलाइट होटल एण्ड गेष्ट हाउसलाई जनही २०-२० हजार रुपैयाँ जरिवाना गरिएको छ। खड्क होटल, होटेल आशिर्वाद, फेमिली होटल एण्ड थकाली खाना हाउस तथा माँ भगवती बेकरी एण्ड स्वीट्सलाई जनही ५-५ हजार रुपैयाँका दरले जरिवाना गरिएको प्रशासनले जनाएको छ।

प्रशासनका अनुसार जरिवाना गरिएका व्यवसायीलाई सात दिनभित्र जरिवाना रकम बुझाउन निर्देशन दिइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा कुनै सम्झौता नहुने स्पष्ट गर्दै मापदण्ड पालना नगर्ने व्यवसायीमाथि कानुनबमोजिम कारबाहीलाई निरन्तरता दिइने बताए। उनले सुधारको अवसर दिए पनि अटेर गर्ने व्यवसायीमाथि थप कडा कारबाही गरिने चेतावनी दिए।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका मधेश प्रसाद साहले मूल्यसूची, बिल, प्यान नम्बर तथा उपभोक्तामैत्री सेवा प्रत्येक व्यवसायको कानुनी दायित्व भएको उल्लेख गर्दै व्यवसायीहरूलाई उपभोक्ता संरक्षण ऐनको पूर्ण पालना गर्न आग्रह गरे।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका राजन बुढाथोकीले खाद्य सामग्रीको गुणस्तर, सरसफाइ र सुरक्षित भण्डारणमा लापरबाही गर्दा जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएकाले खाद्य सुरक्षा मापदण्डको कडाइका साथ कार्यान्वयन गरिने बताए।

सिरहा उद्योग वाणिज्य संघका महासचिव सत्यनारायण साहले उपभोक्ताको अधिकार संरक्षणसँगै स्वस्थ र प्रतिस्पर्धी व्यवसायिक वातावरण निर्माणका लागि व्यवसायीहरूले कानुनी मापदण्ड पालना गर्नु अपरिहार्य रहेको बताए। उनले उद्योग वाणिज्य संघले पनि व्यवसायीलाई सचेत, जिम्मेवार र कानुनअनुकूल व्यवसाय सञ्चालन गर्न निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे।

जिल्ला प्रशासन कार्यालयले उपभोक्ताको स्वास्थ्य, खाद्य सुरक्षा तथा व्यवसायिक अनुशासन सुनिश्चित गर्न यस्ता संयुक्त बजार अनुगमन आगामी दिनमा पनि निरन्तर र अझ प्रभावकारी रूपमा सञ्चालन गरिने जनाएको छ। साथै, होटल तथा खाद्य व्यवसायीलाई कानुनबमोजिमका न्यूनतम मापदण्ड अनिवार्य रूपमा पालना गर्न प्रशासनले आग्रह गरेको छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

